सुदुरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय

# प्रदेश लेखा इकाई कार्यालय

चैनपुर, बझाङ

## धरौटी रकम दाबी तथा सदरस्याहा गर्ने सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०८३/०६/०५

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ अनुसार म्याद नाघेका, नामनामेसी नखुलेका, धरौटी खातामा जम्मा भएको तर सम्बन्धित कार्यालयको धरौटी स्रेस्तामा लेखाङ्कन नभएको धरौटी रकमहरू राजस्व खातामा दाखिला (सदरस्याहा) गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। तसर्थ, यस प्रदेश लेखा इकाई कार्यालय, चैनपुर बझाङ्गको धरौटी खातामा विभिन्न प्रयोजनका लागि जम्मा भई लामो समयदेखि यस कार्यालयको धरौटी स्रेस्तामा नामनामेसी र प्रयोजन नखुलेको धरौटी रकम रु. ३,८६,२८२.३९(अक्षरेपिः तीन लाख छयासी हजार दुई सय बयासी रुपैयाँ उन्नचालिस पैंसा) रहेकाले सो रकम प्राप्त गर्नुपर्ने कुनै आधार भएमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कार्यालयले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** आवश्यक प्रमाण, सक्कल रसिद र आधिकारिक कागजातहरू सहित यस कार्यालयमा उपस्थित भई आफ्नो धरौटी रकम फिर्ता लिन दाबी गर्नुहुन सूचित गरिन्छ। तोकिएको म्यादभित्र दाबी गर्न नआएमा वा नियमानुसार रीत नपुगेमा उक्त धरौटी स्रेस्तामा रहेको सम्पूर्ण रकम कानून बमोजिम स्वतः जफत भई राजस्व खातामा आम्दानी बाँधिनेछ र यसपछि कुनै पनि किसिमको दाबी वा उजुरी लाग्ने छैन।


Email: bajhangkolenika@gmail.com, bajhang.dtco@fcgo.gov.np
फोन नं. ०९२-४२१३६९, ०९२-४२१०२४